नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
ललितपुर

फोन नं.: ०१-५५२११६५, ५५५२८४४
फ्याक्स ०१-५५२३०५१, ५५५५४७५
इमेल: daolalitpur5@gmail.com
वेबसाइट: www.daolalitpur.moha.gov.np


पत्र संख्या:

चलानी नं.:

मिति: २०७९/०७/३०

## सवारी साधन आवागमन र मदिरा ओसारपसार तथा बिक्रि वितरण सम्बन्धी सूचना

जिल्ला सुरक्षा समिति, ललितपुरको मिति २०७९ साल कार्तिक ३० गतेको निर्णय बमोजिम मिति २०७९ साल मंसिर ४ गते हुने प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र भयरहित रुपमा सम्पन्न गर्नको लागि मंसिर ४ गते मतदानको दिन **सवारी साधन आवागमन र मदिरा ओसारपसार तथा विक्रि वितरण** देहाय बमोजिम हुने र सो को पालना गर्न सम्बन्धित सबैमा अनुरोध गरिएको छ।

### सवारी साधन आवागमन सम्बन्धमा

- ललितपुर जिल्लाका निर्वाचन क्षेत्र नम्बर २ र ३ को **रिङ्गरोड भित्र**को क्षेत्रमा बिहान ४.०० वजेदेखि बेलुका ७.०० वजेसम्म सवारी साधनको आवागमनमा रोक लगाइएको,
- निर्वाचन क्षेत्र नम्बर २ र ३ को **रिङ्गरोड बाहिर** बिहान ४.०० वजेदेखि ८.०० वजेसम्म सवारी साधन आवागमनमा रोक लगाइएको,
- निर्वाचन क्षेत्र नम्बर १ भित्र मंसिर ४ गते बिहान ४.०० वजेदेखि मंसिर ५ गते बिहान ४.०० वजेसम्म सवारी साधन आवागमनमा रोक लगाइएको,
- प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनको मतदानको दिनको सवारी आवागमन व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७९ को दफा ८ बमोजिमका बिरामी बोकेको एम्बुलेन्स, खानेपानीको टयाङ्कर, दुध बोक्ने सवारी साधन, दमकल, शव वाहन लगायत अत्यावश्यक सेवामा प्रयोग हुने सवारी साधनहरुले अनधिकृत व्यक्ति चढ्न चढाउन नहुने ।

### मदिरा ओसारपसार तथा विक्रि वितरण सम्बन्धमा

- मंसिर १ गते राति १२.०० वजेदेखि ललितपुर जिल्लाभर मदिरा ओसारपसार तथा विक्रि वितरण निषेध गरिएको,
- ३ वटै निर्वाचन क्षेत्रका मतगणनास्थल वरिपरि मतगणना सम्पन्न नभएसम्म मदिरा ओसारपसार तथा विक्रि वितरण निषेध गरिएको ।

नोट :- निर्वाचनलाई वर्खिलाप हुने गरी कुनै पनि गतिविधि गरेको पाइएमा स्थानिय प्रशासन ऐन, २०२८, निर्वाचन सम्बन्धी कानून तथा नेपालको प्रचलित कानुन बमोजिम कारवाही हुने व्यहोरा अनुरोध छ ।

७।३०

हरि प्रसाद पन्त

सहायक प्रमुख जिल्ला अधिकारी